# तनहुँ राज्य र उपत्यकाका मल्ल राज्यहरू बिचको पारस्पिरिक सम्बन्ध

डा. तिलु थापा (श्रेष्ठ)
उप-प्राध्यापक इतिहास केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर
tilushrestha872@gmail.com

**Doi: 10.3126/voh.v33i1.87296**

**सारसङ्क्षेप**

*उत्तर मध्यकालीन नेपालमा साना ठुला गरी ५२ वटा भन्दा बढी राज्यहरू अस्तित्वमा थिए । यी राज्यहरुको एक अर्का राज्यबिच कुनै न कुनै सन्धि भएकै हुन्थ्यो । आफ्नो राज्यको विरुद्धमा अन्य राज्यसँग मिल्न नजाओस् भनेर प्रायः राज्यहरुले धेरै राज्यहरुसँग सन्धि गर्दथे । सन्धि गर्दा 'एकानी शत्रु एकानी मित्र' को अवधारणा अवलम्बन प्रचलन थियो । कुनै पनि राज्य कमजोर भएको बखत त्यस राज्यबाट जति सकिन्छ फाइदा लिने तर त्यस राज्यलाई आफ्नो राज्यमा एकीकरण नगर्ने रणनीति प्रायः सबै राज्यहरुले अपनाउने गर्दथे । पहाडी राज्य तनहुँले पनि उपत्यकाका मल्ल राज्यहरू बिचको आपसी लडाइँमा सहभागी भएर आर्थिक फाइदा लिएका थिए । उत्तर मध्यकालीन नेपालमा विद्यमान राज्यले अन्य राज्यसँग अपनाउने रणनीति, उपत्यकाका मल्ल राज्यहरू र पहाडी राज्यहरू बिचको सम्बन्ध, तनहुँ राज्यको उपत्यकाका मल्ल राज्यहरू कान्तिपुर, भक्तपुर र ललितपुरसँगको सम्बन्ध आदि विषयवस्तुको संक्षिप्त जानकारी दिनु प्रस्तुत लेखको उद्देश्य राज्यको उपत्यकाका मल्लराज्यहरू कान्तिपुर, भक्तपुर र ललितपुरसँगको सम्बन्धका बारेमा संक्षिप्त जानकारी दिनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ । अतः द्वितीय स्रोतहरुको प्रयोग गरेर तयार पारिएको यस लेखको प्रस्तुति वर्णनात्मक र व्याख्यात्मक आधारमा विश्लेषण गरिएको छ ।*

***शब्दकुञ्जी :*** *एकानी शत्रु एकानी मित्र, गुहार, नेपालेश्वर, रणनीति, सन्धि ।*

## परिचय

विक्रमको पन्ध्रौँ शताब्दीको प्रारम्भतिर स्थापना भएको तनहुँ राज्य चौबीसी राज्यहरूमध्ये शक्तिशाली राज्यमा गनिन्थ्यो । तनहुँलाई स्वतन्त्र राज्यका रुपमा अस्तित्वमा ल्याउने व्यक्ति पाल्पाका राजा मुकुन्द सेन प्रथमका साहिँला छोरा भृङ्गीसेन थिए । उनले बुबा मुकुन्द सेनको मृत्युपछि वि.सं. १६१० मा तनहुँ राज्यको स्थापना गरेका थिए । पहाडी भूभागका साथै तराईमा पनि जमिनदारी रहेकाले तनहुँको आर्थिक अवस्था सबल थियो । यस राज्यका छिमेकी राज्यहरू गोरखा, कास्की, लमजुङ र पाल्पा मुख्य थिए (आचार्य, १९९७) यसका साथै रिसिङ, घिरिङ र ढोर जस्ता साना राज्यहरू पनि तनहुँका छिमेकी राज्यहरू थिए । रिसिङ राज्य त प्रायः तनहुँ राज्य अन्तर्गत नै रहेको थियो । त्यस बाहेक तनहुँको सम्बन्ध पर्वत, मकवानपुर र उपत्यकाका मल्ल राज्यहरुसँग पनि रहेको पाइन्छ । तनहुँ राज्य आर्थिक र सामरिक रुपमा बलियो भए पनि सैन्य शक्तिमा बलियो थिएन । त्यसैले तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनको शासनकाल वि.सं. १८३९ कार्तिकमा रणबहादुर शाहको नायबी ग्रहण गरेकी राजमाता राजेन्द्रलक्ष्मी शाहले तनहुँ राज्य नेपाल अधिराज्यमा

एकीकरण गरिन् । तनहुँ राज्यमा वि.सं. १६१० देखि १८३९ (२२९ वर्ष) सम्म नौ जना सेनवंशी राजाहरुले राज्य गरेका थिए । त्यसबेला स्वतन्त्र राज्यका रुपमा रहेको तनहुँ हाल नेपालको सतहत्तर जिल्लामध्ये एक हो । वर्तमान तनहुँ जिल्ला सङ्घीय गणतन्त्र नेपालको प्रदेश नं. ४ गण्डकी प्रदेश अन्तर्गत रहेको छ । यस जिल्लाको सदरमुकाम दमौली हो । तनहुँ जिल्ला नेपालकै केन्द्र विन्दुमा पर्दछ । यो जिल्ला ऐतिहासिक, धार्मिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै दृष्टिकोणबाट महत्वपूर्ण   मानिन्छ ।

काठमाडौं उपत्यकाका सङ्गठित मल्ल राज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल हुन । यिनी शक्तिशाली एवं प्रभावशाली शासक थिए । यिनका वंशज जगज्योर्तिमल्लले वि.सं.१६७१ मा लेखेका 'नरपतिजयचर्यस्वरोदयटीका' मा उल्लेख गरे अनुसार यक्ष मल्लको राज्य पूर्वमा बङ्गाल, पश्चिममा गोरखा र पाल्पा उत्तरमा सिकार जोङ (तिव्वती) र दक्षिणमा गङ्गासम्म फैलिएको थियो (रेग्मी, २०५४) । यहाँ उल्लेख गरिए जस्तै यति ठूलो भूभाग यक्ष मल्लले जितेको कुरामा शंका छ । तर पशुपतिमा रहेको वि.सं. १५३० को ताम्रपत्रमा यक्ष मल्लले चम्पारण, लोहावर, कोकी राज्यहरुमा सैनिक अभियान लागु गर्नका लागि पाटन, फर्पिङ र साँखुका सामन्तहरुलाई पशुपतिको धर्मशाला छुवाई किरिया खुवाएर उक्त अभियानमा सामेल हुन लगाएको सन्दर्भमा उल्लेख छ (बज्राचार्य र श्रेष्ठ, २०३१) । चम्पारण, लोहावर, कोकी बङ्गालको भूभाग भएको हुनाले त्यतिबेला बंगालसम्म नेपालको सीमाना पुगेको थियो की भन्न सकिन्छ । त्यसैले तत्कालीन अभिलेखमा यक्ष मल्ललाई 'नेपालमण्डलेश्वर', 'श्री नेपालेश्वर' भनी पदवी दिएर लेखिएको पाईन्छ (रेग्मी, १९६५) । यक्ष मल्लको मृत्युपछि सङ्गठित  मल्ल राज्य विभाजन भयो । हुन त केही विद्वान्हरुले यक्ष मल्लले आफ्नै जीवनकालमा नै आफूले जीवनभर आर्जन गरेको राज्यको विशाल भूभाग आफ्ना छोरा नातीलाई अंश सरह बाँडिदिए पनि भनेको पाइन्छ (उपाध्याय, १९५०) । तर यक्ष मल्लको मृत्यु वि.सं.१५३८ मा भएपछि उनका जेठा छोरा राय मल्ल भक्तपुरको राजा भए । त्यसपछिका केही समय दाजु राय मल्लकै सहयोगीको रुपमा रहेर अन्य भाइहरू रत्न मल्ल, रण मल्ल र भीम मल्ल  (यक्ष मल्लका छोरीका छोरा) ले संयुक्त शासन चलाएका छन् । त्यसपछि यक्ष मल्लका माहिला छोरा रत्न मल्लले कान्तिपुरका १२ जना महापात्रहरुलाई आफ्नो पक्षमा पारेर षड्यन्त्रद्वारा सखाप पारी वि.सं. १५४१ मा कान्तिपुरमा स्वतन्त्र राज्य स्थापना गरेका हुन् (बज्राचार्य, २०५६) । यसले सङ्गठित मल्ल राज्यको विभाजन यक्ष मल्लले गरेको नभई उनको मृत्युपछि छोराहरुले गरेका हुन् भन्ने देखिन्छ । रत्न मल्लले ललितपुरका  महापात्रहरुलाई पनि कान्तिपुरकै अधिनमा राखेका थिए । रत्न मल्लको मृत्युपछि भने ललितपुरमा फेरि महापात्रहरुद्वारा स्वतन्त्र राज्य चलाएको देखिन्छ । त्यसपछि शिवसिंह मल्लले फेरि ती महापात्रहरुलाई दबाएर ललितपुर कान्तिपुर कै अधीनमा राखे । वि.सं. १६७७ मा आएर मात्र ललितपुर कान्तिपुरको अधिनबाट स्वतन्त्र भएर छुट्टै राज्य बन्यो (पन्त, २०४१) । स्वतन्त्र ललितपुर राज्यको पहिलो राजा सिद्धिनरसिंह मल्ल हुन् । यसरी काठमाडौं उपत्यकामा एउटै मल्ल वंशका छुट्टाछुट्टै तीनवटा मल्ल राज्यहरू स्थापित हुन पुग्यो ।

उत्तर मध्यकालीन नेपालमा करिब ५२ वटा राज्यहरू अस्तित्वमा थिए । यस प्रकार गण्डकी प्रश्रवण क्षेत्रमा २४, कर्णाली क्षेत्रमा २२, काठमाडौं उपत्यकामा ३ र पूर्वमा ३ वटा सेन राज्यहरू अस्तित्वमा थिए । यी राज्यहरू बिचको

आपसी सम्बन्धका बारेमा जान्नुभन्दा अगाडि तत्कालीन नेपालको विद्यमान राज्यहरुले अवलम्बन गरेका रणनीति बुझ्नुपर्ने हुन्छ । तत्कालीन समयका सबै राज्यहरू आफैंमा शक्तिशाली थिएनन् । प्रायः राज्यहरुको छिमेकी राज्यहरुका साथै अन्य राज्यहरुसँग पनि कुनै न कुनै सम्बन्ध रहेकै हुन्थ्यो । एक राज्यले अर्को राज्यको सामान्य गतिविधिमा पनि ध्यान दिइरहेका हुन्थे । कुनै राज्य कमजोर भएको बेलामा त्यस राज्यबाट फाइदा लिने प्रयत्न प्रायः सबै राज्यहरुले गर्दथे । तर उक्त राज्य नै विजय गरी आफ्नो राज्यमा एकीकरण गर्ने प्रयत्न भने गरेको पाइँदैन । यसो गर्दा अरु राज्यहरुसँग युद्ध गर्नु पर्ने अवस्था आउन सक्दथ्यो । बरु बढी भन्दा बढी राज्यहरुको सहयोग लिएर छिमेकी राज्यको केही भूभाग आफ्नो राज्यमा मिलाउनु वा अन्य राज्यलाई दुःख दिएर त्यस राज्यबाट आर्थिक लाभ लिनु तत्कालीन समयको प्रायः सबै राज्यहरुको रणनीति नै थियो । त्यसका लागि धेरै भन्दा धेरै राज्यहरुसँग सहयोगका लागि गुहार मागिन्थ्यो । गुहार माग्न आउने राज्यलाई गुहार दिनु तत्कालीन राजाहरुले आफ्नो कर्तव्य सम्झन्थे र यसबाट राजनीक तथा आर्थिक लाभ लिन्थे । त्यसैले त विक्रम संवत्को सोह्रौं शताब्दीको मध्यदेखि उन्नाइसौं शताब्दीको मध्यसम्मको करिब तीन सय वर्षलाई नेपालको इतिहासमा 'गुहार युग' पनि भनिएको पाइन्छ (बज्राचार्य, २०२६) । यस युगमा राजाहरुले अन्य राज्यहरू आफ्ना शत्रु राज्यसँग मिल्न नजाऊन् भनेर बढी भन्दा बढी राज्यहरुसँग सन्धि सम्झौता गर्दथे । सन्धि गर्दा 'एकानी शत्रु एकानी मित्र' को अवधारणालाई आत्मसात गर्दथे । 'तनहुँ राज्यको उपत्यकाका मल्ल राज्यहरू बिचको पारस्परिक सम्बन्धका विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । त्यस अनुसार उत्तर मध्यकालीन नपालमा अस्तित्वमा रहेका राज्यहरुले अवलम्बन गर्ने रणनीति, पहाडी राज्य तनहुँले उपत्यकाका मल्ल राज्यहरुसँग आपसी सम्बन्ध बढाउनुको कारण, उपत्यकाका मल्ल राज्यहरू बिच आपसी झगडाबाट अन्य राज्यले कसरी फाइदा लिन्थे भन्ने विषयमा यस लेखलाई केन्द्रित गरिएको छ । यस अध्ययनले मध्यकालीन इतिहास लेखनमा पहाडी राज्यहरू र उपत्यकाका मल्ल राज्यहरू बिच भएको सम्बन्धलाई उजागर पार्न मद्दत पुऱ्याउने छ ।

## पूर्वकार्यको समीक्षा

उत्तरमध्यकालीन नेपालमा अस्तित्वमा रहेका राज्यहरू बिच राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक जस्ता कुनै न कुनै सम्बन्धहरू रहेकै हुन्थ्यो । तत्कालीन समयका राज्यहरू बिचको अन्तरसम्बन्धको विषयमा लेखिएका केही ऐतिहासिक पुस्तक तथा लेखरचनाहरू पाइन्छन् । यी मध्ये केहीको समीक्षा गरिएको छ ।

आचार्य (२०६१) द्वारा लिखित पुस्तकमा तनहुँ र गोरखा राज्य बिचको आन्तरिक सम्बन्धको चर्चा गर्ने क्रममा तनहुँका राजा कामराजदत्त सेन र ललितपुरका राजा विष्णु मल्ल बिच भएको सम्बन्धको पनि चर्चा गरिएको छ। चितवन तनहुँ राज्यको भू-भाग अन्तर्गत पर्दथ्यो । तनहुँका जनतालाई चितवन जाँदा आउँदा बाटोमा पर्ने जोगिमारामा त्यहाँका स्थानीय चेपाङहरुले दुःख दिन्थे । तनहुँका राजाले जोगिमारामा थाना राख्नाका लागि ललितपुरका राजासँग जागिमारा मागे । राजा विष्णु मल्लले तनहुँसँग दुश्मनी मोल्न नचाहेर जोगिमारा तनहुँलाई दिए । यी सन्दर्भ प्रस्तुत पुस्तकमा उल्लेखित छ । तनहुँका राजा त्रिविक्रम सेन द्वितीयको समयमा गोरखा र तनहुँको सम्बन्ध राम्रो थिएन । राजा त्रिविक्रम

सेनको नेतृत्वमा चौबिसी राज्यहरुको गुटले गोरखा राज्यमाथि पटक पटक आक्रमण गरेको थियो । त्यस गुटमा कास्की सम्मिलित थिएन । त्यसैले भक्तपुरका राजा रणजित मल्लले कास्कीका राजालाई तनहुँ, लमजुङ र पर्वतसँग चौबिसी गुटमा मिल्नु भनेर पत्र पठाएको सन्दर्भ पनि पुस्तकमा छ ।

बज्राचार्य (२०२६) द्वारा लिखित लेखमा मध्यकालीन नेपालका राज्यहरुको आपसी सम्बन्ध र आफ्नो राज्यमा आपद पर्दा अन्य राज्यसँग गुहार माग्ने प्रवृत्तिको चर्चा गरिएको छ । तनहुँ राज्य र उपत्यकाका मल्ल राज्यहरू बिचको अन्तर सम्बन्धको छुट्टै चर्चा त लेखमा छैन तर त्यस समय प्रायः सबैजसो राज्यका राजाहरुले आफनो शत्रु राज्यसँग मिल्न नजाउन भनेर धेरैभन्दा धेरै राज्यहरुसँग सम्झौता  गर्दथे । सन्धी गर्दा 'एकानी शत्रु एकानी मित्रको अवधारणा आत्मासात गर्ने कुरा पनि लेखमा उल्लेख गरिएको छ ।

अधिकारी (२०५५) द्वारा लिखित पुस्तकमा तनहुँ राज्यको स्थापना, तनहुँका नौ जना राजाहरुको संक्षिप्त विवरण, तनहुँ र गोरखा बिचको अन्तर विरोध आदि विषयको चर्चा गरिएको छ । उपर्युक्त स्रोतहरुमा उल्लेख गरिएका विरणहरुमा उपत्यकाका मल्ल राज्यहरु र तनहुँ राज्यका विषयमा भिन्ना भिन्नै चर्चा गरिएको भए पनि ती राज्यहरु बिचको सम्बन्धका बारेमा गहन विश्लेषण नगरिएको हुँदा यसलाई नै प्रस्तुत लेखको अनुसन्धान रिक्तता मानिएको छ ।

**अनुसन्धान विधि**

गण्डकी प्रश्रवण क्षेत्रमा अवस्थित चौबीसी राज्य अन्तर्गत पर्ने तनहुँ राज्य, उपत्यकाका मल्ल राज्यहरू कान्तिपुर, भक्तपुर र ललितपुर, तनहुँ राज्य र उपत्यकाका मल्ल राज्यहरू बिचमा रहेको राजनीतिक, आर्थिक र सामाजिक सम्बन्ध आदि विषयसँग सम्बन्धित प्रस्तुत लेख ऐतिहासिक अध्ययन हो । यो अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा द्वितीय स्रोतहरुको प्रयोग गरिएको छ । द्वितीय स्रोतका रूपमा रहेका सामग्रीहरू पुस्तक, जर्नल, ऐतिहासिक लेख तथा रचना आदि इतिहास केन्द्रीय विभागका पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, राष्ट्रिय अभिलेखालय, पुरातत्व विभागबाट स्रोत सामग्री सङ्कलन गरिएको छ । अनुसन्धानबाट प्राप्त स्रोत सामग्रीहरुलाई विश्वसनीयताका आधारमा वर्णनात्मक र विश्लेषणात्मका विधिबाट प्रस्तुत गरी लेख तयार गरिएको छ ।

**विश्लेषण र उपलब्धि**

**उपत्यकाका मल्ल राज्यहरू र पहाडी राज्यबिच सम्बन्ध**

कान्तिपुरका राजा रत्न मल्लको समयदेखि नै उपत्यकाका मल्ल राज्यहरू बिच एक आपसमा सम्बन्ध राम्रो थिएन । यिनका छोरा नातीको शासनकालमा अझै यो क्रम बढ्दै गयो । ललितपुरमा सिद्धिनरसिंह मल्ल राजा भएदेखि कान्तिपुर, भक्तपुर र ललितपुर बिच वैमनस्यता बढ्दै गयो । कान्तिपुरमा प्रताप मल्ल राजा भएपछि त यी राज्यहरुबिच रिस, ईर्ष्या, घातप्रतिघात र आक्रमण हुने क्रम बढ्न थाल्यो । मल्ल राज्यहरू आपसमा लड्नका लागि उपत्यका भन्दा बाहिरका पहाडी राज्यहरुसँग सहयोग माग्दथे । सहयोग गरे वापत आर्थिक लाभ हुने भएकाले ती पहाडी राज्यहरू सहयोग दिन तत्पर रहन्थे । यसरी सहयोग दिने राज्यहरुमा तनहुँ पनि पर्दथ्यो ।

उपत्यकाको मल्ल राज्यसँग मैत्री सम्बन्ध स्थापित गर्ने पहिलो पहाडी राज्य पाल्पा थियो । कान्तिपुरका राजा रत्न मल्ललाई कुक जातिका भोटेहरुले दुःख दिन थालेकाले पाल्पाका राजा मुकुन्द सेन प्रथमले सैनिक सहयोग गरेर भोटेहरुलाई धपाएका थिए । तर पछिल्लो समयमा पाल्पा र मल्ल राज्यहरूबिच त्यति राम्रो सम्बन्ध रहेको पाइदैन । गोरखाका राजा राम शाहले ललितपुरका राजा सिद्धिनरसिंह मल्लसँग वाणिज्य सन्धि गरेर मल्ल राज्यहरुसँग मैत्री सम्बन्ध राख्ने सुरुआत गरेका थिए । राजा राम शाह वि.सं. १६६३ मा ललितपुर गएर सिद्धिनरसिंह मल्ललाई भेटेर वाणिज्य सन्धि गरी फर्पिङको बाटो हुँदै पाटन र गोरखाको सीमाना त्रिशुली र मर्स्याङ्गदीको दोभान बेनीघाट तरेर गोरखा फर्किएका थिए, भनिन्छ (पन्त, भण्डारी र बज्राचार्य, २०२८) । तर ऐतिहासिक तथ्यबाट राम शाह र सिद्धिनरसिंह मल्लबिच भएको वाणिज्य सन्धि वि.सं.१६६३ मा भएको नभई वि.सं.१६७७ मा भएको देखिन्छ किनभने वि.सं.१६७७ मा मात्र सिद्धिनरसिंह मल्ल ललितपुरको राजगद्दीमा बसेका हुन् । रामशाह वि.सं.१६६३ मा गोरखाको राजगद्दीमा बसेको मानिएकाले त्यही मितिमा यी दुई राज्यबिच सन्धि भएको थियो भन्ने गरिएको पाइन्छ । उक्त सन्धि हुनुको पछाडि ललितपुर र गोरखाको छुट्टाछुट्टै स्वार्थ रहेको पाइन्छ ।

ललितपुरको स्वार्थ, आवश्यक परेको बेलामा तिब्बतबाट गोरखा हुँदै लामीडाँडाको बाटो नुन ललितपुरमा भित्र्याउने गरिन्थ्यो किनभने आफ्नो भाइ सिद्धिनरसिंह मल्ल ललितपुरको स्वतन्त्र राजा भएको कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्ललाई मनपरेको थिएन । राजा सूर्य मल्लको पालादेखि नै कान्तिपुरमा कुति र केरुङको बाटो भएर तिब्बतबाट नुन आउने गर्दथ्यो । त्यसरी आएको नुन कान्तिपुरले ललितपुरलाई दिन्छ भन्ने सिद्धिनरसिंह मल्ल लगायत त्यहाँका भारदारहरुलाई विश्वास थिएन । त्यसैले आवश्यक परेमा गोरखाबाट लामीडाँडाको बाटो हुँदै ललितपुरमा नुन भित्र्याउने सहमति यस सन्धिमा भएको थियो (आचार्य, २०६१) । त्यस्तै गोरखाको राजा रामशाहको स्वार्थ छुट्टै थियो, राम शाह उपत्यकामा भएको आर्थिक उन्नतिबाट प्रभावित थिए । उनी उपत्यकाबाट शिल्पकारहरू गोरखामा लगेर आफ्ना प्रजाहरुलाई सिप सिकाउन चाहन्थे । त्यस सन्धि पछि राम शाहको चाहना अनुरुप ललितपुरबाट व्यापारीहरू लगेर गोरखाको पोखरीथोकमा बस्ने व्यवस्था मिलाए । विस्तारै कपडा बुन्ने, भाँडा बनाउने सिल्पकारहरू पनि गोरखामा

गएर बस्न थाले । त्यसपछि गोरखाका स्थानीयबासीहरुले पनि उक्त सिप सिक्न थाले । त्यसै गरी राम शाहले ललितपुरसँग सम्बन्ध स्थापना गर्नुको अर्को कारण चौबीसी राज्यहरुबाट एक्लिएको गोरखा ललितपुरलाई साथी बनाउन चाहन्थ्यो । त्यो समयमा कान्तिपुरबाट ललितपुर पीडित भएको भन्दा बढी लमजुङबाट गोरखा पीडित थियो । गोरखा राज्यको स्थापना कालदेखि नै लमजुङले गोरखालाई पेल्दै आएको थियो । लमजुङले जहिले पनि गोरखालाई आफ्नै राज्यको एक भाग सम्झिन्थ्यो । लमजुङकै कारणले गोरखा चौबीसी समूहमा थिएन । चौबीसी राज्यबाट एक्लिएको गोरखाले ललितपुरसँग मित्रता बाँधेर उपत्यकाका मल्ल राज्यहरुमा प्रवेश गर्ने मौका पायो ।

उता भक्तपुर र कान्तिपुर बिचको दुश्मनी रत्न मल्लले कान्तिपुरमा स्वतन्त्र राज्य स्थापना गर्दादेखि नै सुरु भएको हो । रत्न मल्लले रसुवा र नुवाकोट भक्तपुरबाट खोसेर आफ्नो राज्यमा मिलाएपछि कान्तिपुर राज्य विस्तृत बन्दै गयो (ज्ञवाली, २०३३) । कान्तिपुरका राजा शिवसिंह मल्लको समयसम्म आइपुग्दा कुति र केरुङको बाटो हुँदै कान्तिपुरले तिव्वतसँग व्यापार गर्न थाल्यो । त्यसपछि कान्तिपुर राज्य सम्वृद्ध हुँदैगयो । वि.सं.१६९८ मा प्रताप मल्ल आफ्नै बाबु लक्ष्मीनरसिंह मल्ललाई कैद गरेर कान्तिपुरका राजा भए । उनले कुति र केरुङ कब्जा गरेर कान्तिपुरमा मिलाएपछि त्यस क्षेत्रमा सिधा व्यापार गर्नका लागि भक्तपुरको अधीनमा रहेको महादेवपोखरी, साँखु, चाँगु कब्जा गरे (आचार्य, २०६१) । ती भक्तपुरको अत्यन्तै महत्वपूर्ण भूभाग थियो । भक्तपुरले ती भूभागलाई फिर्ता गर्न पनि सकेन र बिर्सन पनि सकेन । यस घटनापछि कान्तिपुर र भक्तपुर बिचको शत्रुता झन बढ्यो । यता ललितपुर राज्यको स्थापना कालदेखि नै कान्तिपुरसँग सम्बन्ध राम्रो थिएन । बाबुलाई कैद गरी राजा बनेका प्रताप मल्ललाई सिद्धिनरसिंह मल्ल (आफ्नै काका) ले मान्यता दिएनन् । त्यस पछि यी काका भतिजा बिचको सम्बन्ध पनि नराम्रो भयो (बैद्य र मिश्र, २०५४) । यसरी उपत्यकाका तीन मल्ल राज्यहरू बिचमा घात प्रतिघात र आक्रमण जस्ता घटना दोहोरिन थाले । उपत्यकाका तीन मल्ल राज्यहरुमा एउटालाई एक्लाएर अन्य दुई राज्यले आक्रमण गर्ने प्रवृति बढ्न थाल्यो । उपत्यका बाहिरका राज्यहरुले पनि यी राज्यहरुलाई सहयोग गर्न थाले । यसरी गोरखा, लमजुङ, तनहुँ, मकवानपुर लगायतका राज्यहरू उपत्यकाका मल्ल राज्यहरुका आपसी मतभेदमा सहभागी भएको देखिन्छ । यी राज्यहरू आफूलाई फाइदा हुने भएकोले नै उपत्यकाका राज्यहरुको आन्तरिक झगडामा सहभागी हुने गरेका थिए । तत्कालीन समयमा प्रायः सबै राज्यहरुको रणनीति नै धेरै राज्यहरू मिलेर कमजोर बनेको राज्यलाई अझ कमजोर बनाएर फाइदा लिनु थियो । तर पृथ्वीनारायण शाहले वि.सं.१८०१ मा नुवाकोट बिजय गरेर काठमाडौँ उपत्यका पस्ने ढोका खोलेपछि तनहुँ र लमजुङका राजाहरुले पृथ्वीनारायण शाहको विरोध गरी मल्ल राजाहरुलाई सहयोग गरेको देखिन्छ । पृथ्वीनारायण शाहले नुवाकोट बिजय गरेपछि नालदुम र महादेवपोखरी पनि कब्जा गरेर उपत्यका बिजय गर्नका लागि आर्थिक नाकाबन्दी गर्ने नीति लिए । यस नीतिलाई असफल बनाउन तनहुँका राजा त्रिविक्रम सेनले दहचोकको बाटो भएर उपत्यकामा कपास, घर बनाउने काठ लगायतका सामानहरू पठाई मल्ल राजाहरुलाई सहयोग गरिरहेका थिए (ज्ञवाली, २०३३) । दहचोक तनहुँको पहाड खण्डबाट उपत्यका छिर्ने मुख्य नाका थियो । त्रिविक्रम सेनको यस कार्यबाट रिसाएका पृथ्वीनारायण शाहले वि.सं.१८११ मा दहचोक पनि कब्जा गरे । दहचोक काठमाडौँको उत्तरपश्चिममा पर्दछ । गोरखाले दहचोक कब्जा गरेपछि एक त

तनहुँ र लमजुङको काठमाडौँ उपत्यकासँगको सम्बन्ध बिच्छेद भयो । अर्कोतिर यी राज्यहरुबाट उपत्यका भित्रिने सामानहरू आयात हुन सकेन । पृथ्वीनारायण शाहको यस्तो रणनीतिबाट रिसाएका तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले मल्ल राजाहरुलाई पृथ्वीनारायण शाहको विरुद्धमा एक जुट हुन आह्वान गरेका थिए । उनले वि.सं.१८११ हिउँदमा आफ्नो शितकालीन राजधानी देवघाटबाट उपत्यकाका मल्ल राजाहरुका राजगुरु देवानन्द उपाध्यायलाई पत्र पठाएका थिए । पत्रमा "उप्रान्त इहा तनहुँ लमजुङ पाल्पा बसी मतो गरी सरदार सुद्धा फउद आयो तहाका तिमी श्रेष्ठ हौ तीनै नेपालको एक चित्त गरी कार्य उठाव इहाकन सोच पठाइदेउ नेपालको उद्धार जौन प्रकार गरी वंदछ आफू प्रवीणै छौ विज्ञेषु किम" भन्ने उल्लेख छ (आचार्य, २०५५) । उपत्यकाको मल्ल राज्यहरू बिच स-साना कुरालाई लिएर एक अर्कोबिच लडाई झगडा भइरहने हुँदा त्यस्ता विवादलाई छाडेर पृथ्वीनारायण शाहको विरुद्ध एकजुट हुने व्यवस्था मिलाउन राजा त्रिविक्रम सेनले उक्त पत्र पठाएको देखिन्छ । पत्रमा आवश्यक परेको खण्डमा तनहुँ, लमजुङ र पाल्पाका सरदार सहितको फौज पठाउने कुरा पनि उल्लेख छ । यसप्रकार पृथ्वीनारायण शाहको उपत्यका विजय अभियानको विरुद्धमा चौबीसी राज्यहरु र उपत्यकाका मल्ल राजाहरु एकजुट हुन तनहुँका राजा त्रिविक्रम सेनले निकै प्रयत्न गरेको देखिन्छ ।

### कान्तिपुर राज्यसँग सम्बन्ध

कान्तिपुर र तनहुँ राज्य बिचको आपसी सम्बन्ध कहिलेदेखि सुरु भयो स्पष्टसँग भन्ने लिखित आधार भेटिएको छैन । केही स्रोतहरुमा कान्तिपुरका राजा महीन्द्र मल्ल (वि.सं. १६१७–३१) ले आफ्नो राज्यमा बनेका कपडाहरू बिक्री वितरणको लागि गोरखा र तनहुँ जस्ता पहाडी राज्यहरुमा  पठाउने गर्दथे भन्ने पाइन्छ (आचार्य, २०६१) । यति बेलासम्म भृङ्गी सेनले तनहुँमा स्वतन्त्र राज्य स्थापना गरिसकेकाले राजा महीन्द्र मल्ल र भृङ्गी सेनको बिच आपसी सम्बन्ध त्यतिबेलादेखि नै थियो भन्ने देखिन्छ । तनहुँको राजगद्दीमा त्रिविक्रम सेन द्वितीय बसेको समयमा कान्तिपुरमा जयप्रकाश मल्ल राजा थिए । वि.सं. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोट बिजय गरेर काठमाडौँ उपत्यका विजय अभियानमा अगाडि बढे । उनले नुवाकोट विजयपछि नालदुम र महादेव पोखरी जितेर उपत्यकालाई आर्थिक नाकाबन्दी लगाउने नीतिलिए । पृथ्वीनारायण शाहको यस नीतिलाई असफल बनाउन राजा त्रिविक्रम सेनले दहचोकको बाटो भएर उपत्यकामा मालसामान पठाइ मल्ल राजाहरुलाई सहयोग गरिरहेका थिए (ज्ञवाली, २०६३) । गोरखाका राजा पृथ्वीनारायण शाह र तनहुँका राजा त्रिविक्रम सेन द्वितीय बिचको सम्बन्ध राम्रो नभएका कारण राजा त्रिविक्रम सेन पृथ्वीनारायाण शाहको उपत्यका विजय अभियान असफल पार्न चाहान्थे । त्यसैले उनले मल्ल राजाहरुलाई पृथ्वीनारायण शाहको विरुद्धमा एक जुट हुने आह्वान गर्दै पत्र पनि पठाएका थिए । तर उनको अनुरोधलाई उपत्यकाका मल्ल राजाहरुले त्यति महत्त्व दिएको देखिँदैन । राजा त्रिविक्रम सेनको दुश्मनी पृथ्वीनारायण शाहसँग भएको हुँदा कान्तिपुरका राजा जयप्रकाश मल्लसँग सम्बन्ध स्थापित गर्न चाहान्थे । वि.सं.१८०३ तिर राजा त्रिविक्रम सेनले जयप्रकाश मल्लसँग मित्रता स्थापित गर्न आफ्नो  राज्यबाट दूतहरू काठमाडौँ पठाएका थिए (ज्ञवाली, २०३३) ।  तर उनीहरू काठमाडौँ नपुग्दै कान्तिपुर दरबारमा अर्को घटना घट्न पुग्यो । काजी तथा भारदारहरुले राजा जयप्रकाश मल्ललाई राज्यच्युत गरी उनका नाबालक छोरा ज्योतिप्रकाश मल्ललाई राजगद्दीमा राखे । जयप्रकाश मल्लकी रानी दयावती बालक राजाकी नायवी बनेर शासन

चलाउन थालिन् । जयप्रकाश मल्ल भने भौतारिएर यताउता हिँड्न बाध्य भए (थापा, २०२९) । यस घटनाले गर्दा जयप्रकाश मल्लसँग भेटेर मित्रता बाध्ने राजा त्रिविक्रम सेनको योजना अधुरो नै रह्यो । सम्भवतः राजा त्रिविक्रम सेनले पृथ्वीनारायण शाहको विरुद्धमा आफ्नो नेतृत्वमा उपत्यकाका मल्ल राजाहरू र लमजुङका राजासँग मिलेर एउटा गठबन्धन बनाउन चाहेका थिए । ललितपुरका काजीहरुले राजा त्रिविक्रमलाई भेटेर तनहुँको अधिनमा रहेको लामीडाँडा ललितपुरलाई फिर्ता गरिदिनुपर्‍यो भनि अनुरोध गर्दा उनले जयप्रकाश मल्ललाई पुनः कान्तिपुरको राजगद्दीमा राख्छौ भने लामिडाँडा तिमीहरुलाई सुम्पौंला भन्ने आश्वासन दिएका थिए (लम्साल, २०२०) । यसबाट राजा त्रिविक्रम सेन कान्तिपुरका राजा जयप्रकाश मल्ललाई पुनः राजगद्दिमा राखेर गोरखाको विरुद्धमा उभ्याउन चाहन्थे भन्ने देखिन्छ ।

**भक्तपुर राज्यसँग सम्बन्ध**

तनहुँ र भक्तपुरको बिच लिखित सम्झौता भएको पाइँदैन तर तनहुँले भक्तपुरको पक्षमा आक्रमण गरेको र सन्धिहरुमा सहभागी भएको भने पाइन्छ । तनहुँमा दिग्विजय सेन राजा भएको समयमा कान्तिपुरको विरोधमा भक्तपुरको राजा भुपतिन्द्र मल्लको पक्ष लिएर तनहुँ सन्धिमा सहभागी भएको देखिन्छ । त्यतिबेला भुपतिन्द्र मल्ल कान्तिपुर र ललितपुरका शासक भन्दा शक्तिशाली थिए । तिर्थयात्रामा हिँडेका कान्तिपुरका राजा भुपालेन्द्र मल्लको २१ वर्षको कलिलो उमेरमा वि.सं. १७५७ कार्तिकमा अयोध्याय नजिक मृत्यु भयो (पन्त, २०४१) । उनकी विधवा रानी भूवनलक्ष्मीले ४ वर्षको छोरा भास्कर मल्ललाई राजगद्दीमा राखेर मन्त्रीहरुको सहयोगमा शासन चलाउन लागिनन् । यसरी कान्तिपुर राज्य कमजोर भएको समयमा कान्तिपुरको अधिनमा रहेको सिन्धुपाल्चोक इलाका अधिकार गर्ने योजना बनाई भुपतिन्द्र मल्लले ललितपुरका राजा योगनरेन्द्र मल्ल र उपत्यका बाहिरका राज्यहरू तनहुँ, गोरखा र मकवानपुरसँग वि.सं.१७५८ पौष १३ गते एउटा सन्धि गरे । उक्त सन्धि पत्रमा पाटनले भक्तपुरको सल्लाह नलिकन कान्तिपुरसँग गुहार माग्यो भने गोरखा, मकवानपुर र उपाध्या (तनहुँ) ले पाटनलाई अठ्याएर ४० हजार रुपैया लिनु भन्ने बेहोरा रहेको छ (बज्राचार्य र श्रेष्ठ, २०३१) । भुपतिन्द्र मल्ललाई योगनरेन्द्र मल्ल आफूसँग मिल्दछन् भन्ने विश्वास नरहेकोले अर्थात योगनरेन्द्र मल्ल कान्तिपुरसँग मिल्न नजाउन् भनेर उक्त सन्धि गराएको देखिन्छ । सन्धि पत्रमा तनहुँलाई तनहुँ नभनी उपाध्या भनिएको छ । तनहुँका राजाहरू हिउँदको समयमा तनहुँसुर राजधानीमा नबसी चितवनको देवघाट अर्थात् त्यसभन्दा माथि रहेको उपरदाङगढीमा आएर बस्दथे । उपरदाङगढीमा बसेको समयमा राजा दिग्विजय सेनले आफ्ना कुनै भारदारलाई सन्धिमा सहभागी हुन भक्तपुर पठाएका थिए । उपरदाङ भनिएकोमा उच्चारणको अस्पष्टताले उपाध्या भनिएको र उपाध्या भनेको तनहुँ नै हो भन्ने रहेको छ (आचार्य, २०६१) । देवघाटलाई तनहुँको दोस्रो राजधानी मानिएको छ । उपरदाङगढी पनि देवघाट आसपास रहेकोले त्यहाँ पनि राजाहरू बस्दथे भन्ने बुझिन्छ । यस्तो महत्वपूर्ण सन्धिमा तनहुँ सहयोगी भएकाले भक्तपुर र तनहुँ बिच मैत्री सम्बन्ध थियो भन्ने देखिन्छ ।

तनहुँका राजा कामराजदत्त सेनले भक्तपुरको राजा रणजीत मल्ल (भुपतिन्द्र मल्लका छोरा) लाई सैनिक सहयोग गरेका थिए । वि.सं. १७८२–८३ तिर भक्तपुर र ललितपुरवीच युद्ध हुँदा तनहुँको सहयोग पाएर भक्तपुरले युद्ध जितेकाले

भक्तपुरले ललितपुरबाट पाएको लामीडाँडाँ उपहारको रुपमा तनहुँलाई दिएको थियो । त्यसपछि कान्तिपुरका राजा जगज्जय मल्ल र ललितपुरका राजा विष्णु मल्ल मिलेर वि.सं. १७८७ पौषमा भक्तपुरको साँगा नाला सहित ६ वटा गाँउ जितेर तीन तीन वटा गाँउ आपसमा बाँडेर लिए (पन्त, भण्डारी र बज्राचार्य, २०२८) । केही समयपछि भक्तपुर, कान्तिपुर र ललितपुरका राजाहरू भेट भएर छलफल हुँदा भक्तपुरका राजाले कान्तिपुर र ललितपुरका राजालाई हात्ती र नगद दिएर आफ्नो गाउँहरू फिर्ता गर्ने सहमति भएको थियो । तर रणजीत मल्लले आफ्नो कबुल पुरा गरेनन् । यसबाट रिसाएका कान्तिपुर र ललितपुरका राजाले भक्तपुरको 'गोपुर' कब्जा गरे । यस आक्रमणमा गोरखाले ललितपुरको सहयोगमा फौज पठाएको थियो भने भक्तपुरका राजाले पनि युद्धको लागि तनहुँ, लमजुङ र मकवानपुरको सहयोग लिएका थिए । यी राज्यहरुको संयुक्त फौजको सहायताले भक्तपुरले ती ठाउँबाट १२० जना गोरखालीलाई समाते र आफ्नो गुमेको गाउँहरू पनि फिर्ता गरे (पन्त, भण्डारी र बज्राचार्य, २०२८) । तनहुँ र भक्तपुर बिच असल मित्रता भएको कारणले कान्तिपुर र ललितपुरको विरुद्ध भक्तपुरले गरेको युद्धमा तनहुँले भक्तपुरलाई सहयोग गरेको देखिन्छ ।

**ललितपुरसँग सम्बन्ध**

उपत्यका तीन राज्यहरुमा कान्तिपुर र भक्तपुरसँग भन्दा ललितपुरसँग तनहुँको सम्बन्ध अलि बढी रहेको पाइन्छ । तनहुँ र ललितपुर बिच रहेको लामीडाँडा ललितपुरको अधिनमा र लामीडाँडाँको दक्षिण पश्चिमतिर महाभारत डाँडामा रहेको उपरदाङगढी तनहुँको अधीनमा रहेको हुँदा उपरदाङगढीमा तनहुँ र ललितपुरको सीमाना जोडिएको थियो । तनहुँको राजाले चितवनको जङ्गलबाट काठ काटेर लामीडाँडाँको बाटो हुँदै ललितपुर पठाउने गर्दथे । काठमाडौँको पश्चिम उत्तर पट्टि रहेको दहचोक तनहुँलगायत पश्चिमी राजाहरुको नेपाल पस्ने मुख्य ढोका नै थियो । दहचोककै बाटोबाट लमजुङ तनहुँका राजाहरुले उपत्यकाका राजाहरुसँग गोरखा विरुद्ध साँठगाठ गर्न थालेका थिए । जुन पृथ्वीनारायण शाहको लागि खतराको सङ्केत थियो । त्यसैले पृथ्वीनारायण शाहले वि.सं.१८११ मा दहचोक कब्जा गरी गोरखामा मिलाए (ज्ञवाली, २०३३) । यसबाट रिसाएका लमजुङ र तनहुँका राजाले पर्वतको सहयोग लिएर वि.सं. १८१२ गोरखाको सिह्रानचोकमा आक्रमण गरेको हो ।

तनहुँमा दामोदर सेन राजा भएको समयमा तनहुँ र ललितपुर बिच मित्रवत सम्बन्ध रहेको पाइन्छ । वि.सं.१७३१ फाल्गुन ३ गते ललितपुरका राजा श्रीनिवास मल्लले आफ्नो छोरा योगनरेन्द्र मल्लको ब्रतबन्धको अवसरमा भक्तपुर, कान्तिपुर, मकवानपुर र गोरखाका राजाहरुसँगै तनहुँका राजालाई पनि निमन्त्रणा गरेका थिए (पन्त, २०४३) । राजा दामोदर सेन ललितपुर आएर ब्रतबन्धमा सहभागी भए । त्यतिबेला उपत्यकाका राजाहरुको कार्ज्यमा सहभागी हुनु भनेको पहाडी राज्यका राजाहरुको लागि निकै गौरवको कुरो हुन्थ्यो । त्यसै गरी श्रीनिवास मल्लसँग राम्रो सम्बन्ध भएका कारणले वि.सं.१७२८ को जेठ महिनामा मकवानपुरमा भएको गृहयुद्धमा भाग लिन श्रीनिवास मल्लको नेतृत्वमा राजा दामोदर सेनले आफ्नो फौज पनि मकवानपुर पठाएका थिए । उक्त फौजमा भक्तपुर र गोरखाका फौजहरू पनि सम्मिलित थिए । त्यतिबेला मकवानपुरमा राजा हरिहर सेन र उनका छोरा शुभ सेनविच झगडा भएर गृहयुद्धको रूप लिएको

थियो । शुभ सेनले राजा श्रीनिवास मल्लसँग सहयोग मागेकाले उक्त राज्यहरुसँग सहयोग लिएर श्रीनिवास मल्ल मकवानपुरमा हरिहर सेनको राज्यमा आक्रमण गर्न पुगेका हुन् । युद्धमा तनहुँ, भक्तपुर, मकवानपुर र ललितपुरको सहयोग पाएर शुभ सेनको जित भयो । यस युद्धपछि मकवानपुर राज्य र विजयपुर राज्य विभाजन भएको हो । विभाजन हुँदा कोशी नदीदेखि पश्चिमतिरको भूभाग मकवानपुर राज्य सहित शुभ सेनलाई दिइयो भने कोशीभन्दा पूर्वको मोरङको भूभाग हरिहर सेनका जेठा छोरा छत्रपति सेनका नवजात छोरा इन्द्रविधाता सेनलाई दिइयो । यस राज्यलाई बिजयपुर भनियो (ह्यामिल्टन, १९९७) । त्यसको करिव ३ वर्षपछि वि.सं.१७३१ मा विजयपुरको फौजले मकवानपुरमा आक्रमण गरी सत्रगाउँ कब्जा गरेको हुँदा शुभ सेन फेरी श्रीनिवास मल्लसँग सहयोग माग्न ललितपुर आए । यस पटक पनि श्रीनिवास मल्लका नेतृत्वमा उपत्यकाका तीनवटै मल्ल राजाहरू र तनहुँको सेना सहित संयुक्त फौजले बिजयपुर राज्यले जितेको भूभागका साथै रावा र हलेसी जितेर शुभ सेनलाई दिए (आचार्य, २०६१) । वि.सं.१७३९ फाल्गुनमा विजयपुर र मकवानपुर राज्यबिच पुनः युद्ध हुँदा उपत्यकाका तीनवटै राज्यहरुले विजयपुरका राजा इन्द्रविधाता सेनलाई सहयोग गरे भने तनहुँका राजा दामोदर सेनले शुभ सेनलाई नै सैनिक सहयोग गरी मकवानपुर राज्यको अस्तित्व बचाएका थिए (अधिकारी, २०५५) । तनहुँमा दामोदर सेनपछि दिग्विजय सेन राजा भएको समयमा ललितपुरमा विष्णु मल्ल राजा थिए । वि.सं.१७८८ मा ललितपुरको अधीनमा रहेको जोगीमारा विष्णु मल्लले तनहुँलाई दिए । तनहुँको राजधानी तनहुँसुरबाट चितवन र आफ्नो अन्य जमिन्दारी रहेको भूभागमा जानको लागि देवघाटमा गण्डकी तरेर जोगीमारामा निस्की महाभारतको डाँडो चढेर उपरदाङगढी उत्रनुपर्दथ्यो । जोगीमारा अलि खोचमा रहेको हुँदा त्याँहाका जँगलमा बस्ने चेपाङहरुले यात्रुहरुलाई लुटेर दुःख दिन्थे । त्यस समस्याको समाधान गर्न जोगीमारामा ठाना राख्न आवश्यक थियो । त्यसैले तनहुँको राजा कामराजदत्त सेनले ललितपुरका राजा विष्णु मल्लसँग जोगीमारा आफूलाई दिनुपर्ने नदिए बल प्रयोग गरेर भए पनि लिने धम्की दिए । विष्णु मल्लले तनहुँसँग शत्रुता गराउनु भन्दा जोगीमारा तनहुँलाई दिए । यो घटना वि.सं.१७८८ तिर भएको हो (आचार्य, २०६१) । यसभन्दा अगाडि वि.सं.१७८२–८३ तिर भक्तपुर र ललितपुर बिच भएको युद्धमा तनहुँको सहयोगले भक्तपुरको जित भयो । ललितपुरबाट प्राप्त गरेको लामीडाँडा क्षेत्र भक्तपुरले तनहुँलाई पुरस्कारको रुपमा दिएको थियो ।

पृथ्वीनारायण शाहले नुवाकोट जित्नुभन्दा अगाडि देखिनै गोरखा, लमजुङ, तनहुँ आदि राज्यहरुले काठमाडौँ उपत्यकाका मल्ल राज्यका अधीनमा रहेका कुनै न कुनै ठाउँ कब्जा गर्दथे र पछि सम्बन्धित राज्यसँग धन लिएर छाड्ने गर्दथे । यो क्रम गोरखाले नुवाकोट जितिसकेपछि पनि यथावत नै रहेको पाइन्छ । उदाहरणका लागि वि.सं.१८०५ मा तनहुँका राजा त्रिविक्रम सेनले ललितपुरको अधीनस्थ क्षेत्र चित्लाङ अधीकार गरेका थिए (ज्ञवाली, २०३३) । पछि राज्यप्रकाश मल्ल ललितपुरको राजा हुँदा तनहुँलाई केही धन दिएर चित्लाङ फिर्ता गरे । यसरी तनहुँले ललितपुरबाट आर्थिक लाभ पनि लिने गरेको पाइन्छ । ललितपुर र तनहुँ बिच वैवाहिक सम्बन्ध पनि रहेको देखिन्छ । ललितपुरका राजा योगनरेन्द्रमल्लले तनहुँका राजा दामोदर सेनकी भित्रिनी रानी पट्टिकी रूपवती छोरी राजेश्वरीसँग विवाह गरेका थिए । केही स्रोतमा पाटनका राजा योगनरेन्द्र मल्लले तनहुँकी खस क्षेत्रिनी राजेश्वरीसँग विवाह गरेका थिए, उनीबाट महीन्द्र मल्ल नामका छोरा जन्मिए भनेको पाइन्छ (आचार्य, २०६१) । छोरा जन्मिएको अर्को महिनामा नै वि.सं.१७६२

कार्तिक १६ गते भक्तपुरेले प्रयोग गरेको विषबाट राजा योगनरेन्द्र मल्लको मृत्यु भयो । राजाको मृत्यु हुँदा उनका ३३ जना रानीहरू उनीसँगै सती गएको कुरा इतिहासमा पाइन्छ । तर उनकी ल्याइते रानी राजेश्वरी भने आफ्नो माइती तनहुँमा नै रहेको बुझिन्छ । वि.सं.१७६७ चैत्रमा लेखिएको 'सर्वेश्वरीपत्तिनत्य' ग्रन्थमा राजा महीन्द्र मल्ल ५$\frac{१}{२}$ वर्षका भनिएकोले यिनी वि.सं.१७६२ आश्विनतिर जन्मिएको देखिन्छन् (पन्त, २०४१) । उनको पिता योगनरेन्द्र मल्लको मृत्यु हुँदा उनी लगभग एक महिनाका देखिन्छन् । योगनरेन्द्र मल्लको विवाहिता रानीहरुबाट जन्मिएको कुनै छोरा पनि जीवित नरहेकाले उनको मृत्युपछि उत्तराधिकारीमा समस्या पर्‍यो । महीन्द्र मल्ल ल्याइने रानी पट्टिका छोरा भएकाले ललितपुरका भारदारहरू उनलाई राजगद्दीमा राख्न तयार भएनन् । योगनरेन्द्र मल्लको मृत्युपछि उनकी छोरी योगमतिका छोरा लोकप्रकाश मल्ललाई ललितपुरको राजगद्दीमा राखे । छोटो समयमा नै यी राजाको मृत्यु भएपछि योगनरेन्द्र मल्लको भानिज इन्द्रप्रकाश मल्ललाई राजा बनाए । यिनको पनि छिट्टै मृत्यु हुन गएपछि बल्ल महीन्द्र मल्ललाई वि.सं. १७६७ मा ललितपुरको राजगद्दीमा राखियो (बज्राचार्य र श्रेष्ठ, २०३२) । पृथ्वीपति शाहले दबाब दिएकाले मात्र ललितपुरको भारदारहरू महीन्द्र मल्ललाई राजा बनाउन तयार भएका थिए । त्यतिबेला गोरखामा पृथ्वीपति शाह राजा थिए । गोरखाले "आफ्नो राजकुमारलाई धपाएर अन्यलाई राजा बनाउने तिमीहरू पापी हौ तिमीहरू गोरखासँग युद्ध गर्न तयार हौ" भनेर धम्काएपछि ललितपुरका भारदारहरू डराएर महीन्द्र मल्ललाई राजा बनाएका हुन् भन्ने पनि पाइन्छ । गोरखाले यसरी ललितपुरलाई धम्काउनुको कारण, रानी राजेश्वरी गर्भवती भएको अवस्थामा यीनलाई बहुलाई भनेर ललितपुरबाट धपाइयो । धपिएपछि उनी गोरखा गएर बसिन् र गोरखामा नै छोरा महीन्द्र मल्लको जन्म भयो (थापा, २०२९, पृ.१-२९) तर वि.सं.१७७१ श्रावण ९ गते लेखिएको नुवाकोटको भैरवी मन्दिरमा राखिएको ताम्रपत्रमा तनहुँमा जन्मिएका महीन्द्र मल्ल र उनकी आमा राजेश्वरीले नुवाकोट भैरवीमा भाकल गरेको र पछि काठमाडौँका राजा भास्कर मल्लको अनुमती लिएर भैरवी मन्दिरको लागी गुठी राखिदिएको उल्लेख छ (बज्राचार्य र श्रेष्ठ, २०३२) । यसबाट महीन्द्र मल्ल तनहुँमा नै जन्मिएको भन्ने देखाउँछ । यस सम्बन्धी विचार गर्दा योगनरेन्द्र मल्लको मृत्यु भएपछि तनहुँका तत्कालीन राजा दिग्विजय सेनले बालक महिन्द्र मल्ललाई ललितपुरको राजा बनाउने कुरामा कुनै वास्ता नगरेको हुनाले उनकी आमा राजेश्वरीले त्यसतर्फ पहल गरिदिनका लागि गोरखाका राजा पृथ्वीपति शाहलाई गुहारेको देखिन्छ । रानी राजेश्वरीको अनुरोधमा पृथ्वीपति शाहले राजा महीन्द्र मल्ललाई राजा बनाउन सहयोग गरे । महीन्द्र मल्ल पनि लामो समय ललितपुरको राजगद्दीमा बस्न पाएनन् । वि.सं. १७७२ माघ २३ गते विफर बाट यिनको देहान्त भयो ।

## निष्कर्ष

उत्तर मध्यकालीन नेपालका विद्यमान राज्यहरुले कुनै पनि राज्य कमजोर भएको अवस्थामा अन्य राज्यको सहयोग लिएर त्यस राज्यमा आक्रमण गरी भूमिलगायत आर्थिक लाभ लिने तर त्यो राज्यलाई आफ्नो राज्यमा नगाभ्ने रणनीति अवलम्बन गर्दथे । यही रणनीतिले गर्दा त्यस समयका राज्यहरुले धेरै राज्यहरुसँग कुनै न कुनै सन्धि गरेकै हुन्थ्यो । सन्धि गर्दा 'एकानी शत्रु एकानी मित्र' को अवधारणालाई आत्मसात गरेको पाइन्छ । चौबीसी राज्य अन्तर्गत पर्ने तनहुँ राज्य राजनैतिक, आर्थिक र सामरिक रुपमा बलियो थियो । तनहुँ राज्यबाट पहाडी राज्य भए पनि उपत्यकाका

राज्यहरुसँग तनहुँ राज्यको सम्बन्ध रह्यो । उपत्यकाका मल्ल राज्यहरुबिच भइरहने आन्तरिक झगडामा सहभागी भएर तनहुँका राजाहरुले आर्थिक फाइदा लिएको पनि देखिन्छ । तनहुँ राज्यमा वि.सं. १६१०-१८२९ सम्म नौ जना सेनवंशी राजाहरुले शासन गरे । वि.सं.१८२९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँका राजा त्रिविक्रम सेनले पृथ्वीनारायण शाहको उपत्यकालाई आर्थिक नाकाबन्दी लगाउने नीति असफल बनाउन दहचोकको बाटो उपत्यकालाई मालसामान पठाएर मल्ल राजाहरुलाई सहयोग गरेका थिए । दहचोक तनहुँको पहाड खण्डबाट उपत्यका छिर्ने नाका थियो । राजा त्रिविक्रम सेनले पृथ्वीनारायण शाहको विरुद्धमा कान्तिपुरका राजा जयप्रकाश मल्लसँग सन्धि गर्ने प्रयत्न गरे पनि सफल भएनन् । त्यसै गरी भक्तपुर र ललितपुर बिच युद्ध हुँदा तनहुँका राजा कामराजदत्त सेनले भक्तपुरलाई सैनिक सहयोग गरेकाले युद्धमा भक्तपुर विजयी भयो । यसै उपलक्ष्यमा भक्तपुरले ललितपुरबाट पाएको लामीडाडा उपहार स्वरुप तनहुँलाई दिएको थियो । भक्तपुर र तनहुँबिच मैत्री सम्बन्ध भएको कारणले गर्दा कान्तिपुर र ललितपुरसँग भक्तपुरको युद्ध हुँदा तनहुँले भक्तपुरलाई सहयोग गरेको देखिन्छ । तनहुँ र ललितपुर सिमाना जोडिएको छिमेकी राज्य पनि हो । ललितपुरसँग तनहुँको राजनीतिक, आर्थिक र वैवाहिक सम्बन्ध पनि स्थापित रहेको पाइन्छ । यसप्रकार तनहुँको उपत्यकाका राज्यहरू कान्तिपुर, भक्तपुर र ललितपुरसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणी (२०५५), *तनहुँ राज्यको इतिहास,* चन्द्रप्रभा प्रकाशन ।

आचार्य, बाबुराम (२०६१), *श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* श्री ५ महाराजाधिराजको संवाद सचिवालय ।

उपाध्याय, रामजी (१९५०), *नेपालको इतिहास तथा दिग्दर्शन,* सुब्बा होमनाथ केदारनाथ ।

थापा, रमेशजङ्ग (सम्पा.) (२०२९), नेपाल देशको इतिहास, *प्राचीन नेपाल,* सङ्ख्या २१, १-२८ ।

पन्त, दिनेशराज (२०४१), *गोरखाको इतिहास,* (भाग-१), दिनेशराज पन्त ।

पन्त, दिनेशराज (२०४३), *गोरखाको इतिहास,* (भाग-२), दिनेशराज पन्त ।

पन्त, नयराज, भण्डारी, देवीप्रसाद र बज्राचार्य, गौतमबज्र (सम्पा.) (२०२८), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश.* जगदम्बा प्रकाशन ।

बज्राचार्य, धनबज्र (सम्पा.) (२०२६), गुहार पर्व,. *मधुपर्क,* वर्ष २(६). ३८-४१ ।

बज्राचार्य, धनबज्र (२०५६), *मध्यकालका अभिलेख,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर (सम्पा.) (२०३१), *दोलखाको ऐतिहासिक रुपरेखा,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर (सम्पा.) (२०३२), *नुवाकोटको ऐतिहासिक रुपरेखा,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

रेग्मी, जगदिशचन्द्र (२०५४), *नेपालको वैधानिक परम्परा,* (द्वितीय संस्करण), तन्नेरी प्रकाशन ।

रेग्मी, डिल्लीरमण (१९६५), *मेडिभल नेपाल,* (भोलूम १), फर्मा के.एल.मुखोपाध्याय ।

लम्साल, देवीप्रसाद (सम्पा.) (२०२०), *भाषा वंशावली,* (भाग-१), श्री ५ को सरकार ।

वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद (२०५४), *आधुनिक नेपालको राजनीतिक इतिहास (सन् १७६८-१९५१),* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

ह्यामिल्टन, फ्रान्सिस बुचानन. (१९९७), *एन एकाउण्ट अफ द किङडम अफ नेपाल,* एशियन एजुकेशन सर्भिस ।

ज्ञवाली, सूर्यविक्रम (२०३३), *श्री ५ पृथ्वीनारायण शाह (परिवर्तित तथा संशोधित),* नेपाल साहित्य सम्मेलन ।